जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९   स.जि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३१   अंक ४०   २०७८ साल भदौं १७ गते बिहीबार (2 Sep. 2021 Thursday)   मूल्य रु. ५/-

**Log on : rajbirajdainik.com.np**

*यस अंक भित्र :* २ पृष्ठमा : कांग्रेस वडा अधिवेशन : राजधानी... ३ पृष्ठमा : प्रदेश नं २ सरकारमा ... ३ पृष्ठमाकोभिड-१९ का कारण ...

**वर्षातको समयमा सावधानी अपनाऔं**

- वर्षातको समयमा बाढी, पहिरो, डुबानजस्ता प्राकृतिक प्रकोपबाट ठूलो जनधनको क्षति हुन सक्दछ ।
- बाढी, पहिरो, डुबानको जोखिम हुने स्थानहरुमा बस्ती नबसालौं ।
- बर्षातको समयमा हुने बाढी, पहिरोजस्ता जोखिम स्थानहरुको पहिचान गरी सुसूचित गराऔं ।
- स्थानीयस्तरमा आपतकालिन केन्द्रहरुको स्थापना गरी उद्धार टोली र राहत सामाग्रीको जोहो गरौं ।
- विपद्को समयमा आपतकालिन केन्द्रमा तुरुन्त खबर गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

# जिसस प्रमुखसहित १८ जना जनप्रतिनिधिले रोजे लोसपा



**दैनिक समाचारदाता**
**राजबिराज, १६ भदौं ।**

लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) को पक्षमा बुधवार जिल्ला समन्वय समिति सप्तरीका प्रमुखसहित १८ जना जनप्रतिनिधीहरुको सनाखत गरेका छन् ।

निर्वाचन आयोगले भदौ २२ गतेसम्म पार्टी रोज्न पाउने भनेपछि पूर्वराजपाबाट निर्वाचित जिसस प्रमुख प्रभाकर यादब सहित राजविराज नगरपालिकाका उपप्रमुख साधना झासहितका जनप्रतिनिधिले लोसपा रोजेका हुन् ।

यस्तै बुधबार लोसपा रोजेका जनप्रतिनिधिहरुमा छिन्नमस्ता गाउँपालिका उपाध्यक्ष उषा मण्डल, छिन्नमस्ता गाउपालिका वडा नं. ७ का अध्यक्ष प्रमिला यादब, छिन्नमस्ता गाउपालिका वडा नं. १ का अध्यक्ष बिनोद यादब, वडा सदस्य उषा झालगायत रहेको जिल्ला निर्वाचन अधिकारी रमेश कुमार जोशीले जानकारी दिएका छन् ।

सनाखत गरिएपछि जिसस प्रमुख यादबले दलमा सनाखत गर्नका लागि निर्वाचन कार्यालयले भदौ २२ गते सम्म समय सीमा तोकेकोले पुर्व राजपाबाट निर्वाचित सबै जनप्रतिनिधिहरू लोसपामा आउन बिश्वास ब्यक्त गरे ।

सो अवसरमा लोसपाका नेता केशव झा, जय प्रकाश ठाकुर, दिनेश यादब, गजेन्द्र कुमार मण्डल, दिपेन्द्र चौधरी, महिला नेतृ पुनम यादब, बिनोद यादब, बिजय यादब, सुनिल झा, अमरनाथ मण्डल लगायतको उपस्थिति रहेको थियो ।

# प्रदेश २ का ११ जना प्रदेशसभा सदस्य लोसपामा खुले

**दैनिक समाचारदाता**
**राजबिराज, १६ भदौं ।**

जनता समाजवादी पार्टी, नेपाल (जसपा) का ११ जना सांसद महन्थ ठाकुर नेतृत्वको लोकतान्त्रिक समाजवादी पार्टी, नेपाल (लोसपा) मा खुलेका छन् ।

जसपा विभाजनबाट बनेको लोसपामा रहनका लागि निर्वाचन आयोगले २२ भदौसम्मको समयसीमा तोकेपछि सांसद्हरूले लोसपामा रहने गरी बुधबार सनाखत गरेका हुन् ।

लोसपामा रहने गरी प्रदेश सभा सदस्य प्रमेश्वर साह, बबिता चौधरी, सुरिता साह, निलमदेवी भूमिहारिन, अल्का झा, गौरी नारायण साह, जानकी शरण साह, जयनुल राइन, बाबुलाल साह, उपेन्द्र महतो र रमेशप्रसाद कुर्मीले सनाखत गरेका छन् ।

सांसदहरूलाई लोसपाको पक्षमा सनाखत गराउन प्रदेश २ का पूर्वमन्त्री एवं सांसद जितेन्द्र सोनल जनकपुरधामस्थित प्रदेश निर्वाचन कार्यालय पुगेर उनीहरुको सनाखत गराएका हुन् । २२ भदौसम्ममा थप केही सांसदहरूले लोसपामा रहने गरी सनाखत गर्ने सोनलको दाबी छ ।

तत्कालीन राष्ट्रिय जनता पार्टी (राजपा) बाट २५ र समाजवादी पार्टीबाट २९ सांसद निर्वाचित भएकोमा जसपाका १४ सांसद लोसपाको पक्षमा खुलेको सोनलको दाबी छ । १४ मध्ये बुधबार ११ सांसद्ले निर्वाचन कार्यालय पुगेर सनाखत गरेका छन् ।

**भर्ना खुल्यो । भर्ना खुल्यो ॥ भर्ना खुल्यो ॥।**

S.L.C. तथा S.E.E. मा कुनै पनि ग्रेडमा उत्तिर्ण भएको विद्यार्थीहरुले फारम भर्न पाउने छ ।

**V-JTA भेटनरी जे.टी.ए. १८ महिने**

**हाम्रा बिशेषताहरु –**

- नेपाल सरकारको नीति अनुसार छात्रबृतिको व्यवस्था ।
- औषधी पसलको लाइसेन्स लिन पाउने ।
- OJT को विशेष व्यवस्था भएको ।
- सरकारी तथा गैरसरकारी रोजगार पाउने ।
- कलेजको आफ्नो भवनमा राम्रो प्रयोगशाला तथा पुस्तकालयको व्यवस्था भएको ।

फारम बितरण मिति : २०७८/५/२ गतेदेखी
फारम बुझाउने अन्तिम मिति : २०७८/५/२३

**जगदम्बा मेडिकल इन्स्टिच्यूट**
राजविराज (रुपनी रोड), सफटेक कलेज नजिक
फोन नं. ०३१-५२१४७८
मो. नं. ९८५२८२०४७२, ९८०४७१२७०५

भर्ना खुल्यो   भर्ना खुल्यो

"आत्मनिर्भरताका लागि प्राविधिक शिक्षा"

**न्यूनतम शुल्कमा प्राविधिक शिक्षा अध्ययन गर्ने सुनौलो अवसर**

CTEVT र राजविराज नगरपालिकाको संयुक्त साझेदारीमा संचालित बहुप्राविधिक शिक्षालय

SEE/SLC/TSLC पछि ३ वर्षे डिप्लोमा

**सिभिल इन्जिनियरिङ्ग**
**जियोमेटिक्स(सर्भे) इन्जिनियरिङ्ग**

फारम भर्ने मिति
२०७८/०४/३१ देखि
२०७८/०५/१८ सम्म

**राजविराज पोलिटेक्निक इन्स्टिच्युट**
राजविराज–३, सप्तरी
कार्यालय: ०३१-५९००९०, ९८२९७८४७२३
प्रिन्सिपल: ९८१६६४५१६६
Email: info.rajbirajpolytechnic@gmail.com

भर्ना खुल्यो ! भर्ना खुल्यो !!

**विगत १३ वर्ष देखी संचालन हुदै आएको**

**ओभरसियरी क्याम्पस**

( CTEVT बाट मान्यता प्राप्त )

**डिप्लोमा इन कम्प्यूटर इन्जिनियरिङ्ग**

( ३ बर्षे )

**न्यूनतम योग्यता** : S.L.C. उत्तीर्ण तथा S.E.E. परीक्षामा अनिवार्य–गणित र विज्ञान विषयमा C ग्रेड र अंग्रेजीमा न्यूनतम D+ ग्रेड, प्राप्तसम्म वा S.E.E. मौका परीक्षामा सामेल हुने विद्यार्थीहरुले पनि फाराम भर्न पाउने छ ।

**फारम भर्ने अन्तिम मिति** : २०७८ भदौ १८ गते सम्म ।

सम्पर्क :

**सफटेक इन्जिनियरिङ्ग कलेज**
रुपनी रोड, राजविराज–८ (सप्तरी)
फोन नं.–०३१–५२०८३९, मो.नं. ९८०४७०१४२१, ९८०४७८०६७४

# सीमा समस्या अध्ययन गर्न समिति गठन

काठमाडौँ, १६ भदौ (रासस) ।

नेपाल सरकारले उत्तरी सीमा क्षेत्रका सम्बन्धमा उठेका समस्या अध्ययन गरी नेपाल सरकारलाई प्रतिवेदन पेश गर्न समिति गठन गरेको छ । मन्त्रिपरिषद्को बुधबार बसेको बैठकले हुम्लाको नाम्खा गाउँपालिकाको लिमी लाप्चादेखि हिल्सासम्मको सीमा क्षेत्रको सम्बन्धमा उठेका समस्या अध्ययन गरी प्रतिवेदन पेश गर्न समिति गठन गरेको हो ।

समितिको संयोजकमा गृह मन्त्रालयका सहसचिव र सदस्यमा नापी विभाग, नेपाल प्रहरी सशस्त्र प्रहरी बलका प्रतिनिधि र सीमा विज्ञ रहने कानून, न्याय तथा संसदीय मामिलामन्त्री एवं सरकारका प्रवक्ता ज्ञानेन्द्रबहादुर कार्कीले जानकारी दिनुभयो ।

बैठकले स्वीस सरकारको सहयोगमा दिगो तथा सम्मानित रोजगारीका लागि सीप परियोजना दोस्रो चरण कार्यान्वयन गर्न प्राप्त हुने करिब रु एक अर्ब ९३ करोड अनुदान सहायता स्वीकार गर्ने निर्णय गरेको छ । सरकारले मेवा र नलगाड सबस्टेशन निर्माणस्थलमा परेका स्थानीय व्यक्तिका जग्गाको क्षतिपूर्ति उपलब्ध गराउन स्वीकृत दिएको छ ।

यस्तै माओवादी सेनाका घाइते अपाङ्ग लडाकु, सशस्त्र द्वन्द्व, ऐतिहासिक जनआन्दोलन र मधेश आन्दोलनका घाइते अपाङ्गका लागि पुनःस्थापना एवं हेरचाह (दोस्रो संशोधन) निर्देशिका २०७८ स्वीकृत गरिएको छ ।

बैठकले आर्थिक वर्ष २०७८/७९ को बजेट वक्तव्यमार्फत ३३ प्रतिशतले वृद्धि भएको सामाजिक सुरक्षाभत्ता र मासिक भत्ता कायम गर्ने निर्णय गरेको उहाँले बताउनुभयो । बैठकले नेपाल परराष्ट्र सेवा राजपत्राङ्कित द्वितीय श्रेणीका उपसचिव कृष्णचन्द्र अर्याल र धनबहादुर ओलीलाई प्रथम श्रेणीमा बढुवा गर्ने तथा राजपत्राङ्कित प्रथम श्रेणीका सहसचिव राजकुमार श्रेष्ठलाई विशिष्ठ श्रेणी सचिवमा बढुवा गर्ने निर्णय गरेको छ ।

सरकारले युवा तथा साना व्यवसायी स्वरोजगार कोषको कार्यकारी निर्देशक पदमा कास्कीका विश्वमोहन अधिकारीलाई र नेपाल मेडिकल काउन्सिलको रिक्त सदस्य पदमा मोरङका डा विक्रान्त ढकाललाई नियुक्त गर्ने निर्णय गरेको छ ।

बैठकले खोटाङको मुडे व्यारेकमा तैनाथ श्री गोरखा गणका लागि आवश्यकपर्ने स्थानीय व्यक्तिको करिब २४ रोपनी जग्गा मुआब्जा दिने गरी प्राप्त गर्न स्वीकृत दिने र कोभिडविरुद्धको खोप क्लिनिकल ट्रायल गर्न अनुमति प्रदान गर्ने निर्णय गरेको मन्त्री कार्कीले जानकारी दिनुभयो ।

धितोपत्रसम्बन्धी ऐन २०६३ को दफा ७ को उपदफा ७ बमोजिम बोर्डका अध्यक्षका सम्बन्धमा छानविन गरी प्रतिवेदन पेश गर्न उच्च अदालतका पूर्वन्यायाधिश अनन्तराज डुम्रेको अध्यक्षतामा विज्ञ सदस्य प्रा नारायणप्रसाद पौडेल र कानून आयोगका सहसचिव अर्जुनकुमार खड्का सदस्य रहेको जाँचबुझ समिति गठन गरिएको छ ।

यस्तै माउन्ट के २ आरोहण गर्ने दावा तेञ्जिङ शेर्पासमेतको नेपाली पर्वतारोहीलाई सरकारले प्रोत्साहनस्वरुप प्रतिआरोही रु एक लाख रकम उपलब्ध गराउने निर्णय गरेको छ ।

# कांग्रेस वडा अधिवेशन : राजधानी छोडेर गाउँ जाने बढे

काठमाडौँ, १६ भदौ (रासस) ।

नेपालको सबैभन्दा पुरानो प्रजातान्त्रिक पार्टी नेपाली कांग्रेसको १४ औँ महाधिवेशन नजिकिएसँगै महाधिवेशनमा भाग लिन राजधानी छाडेर गाउँ जाने नेता तथा कार्यकर्ताको सङ्ख्या बढेको छ ।

पार्टीको विधानअनुसार चार वर्षमा केन्द्रीय महाधिवेशन सम्पन्न गर्नुपर्ने भए पनि संविधानअनुसार पाँच वर्ष छ महिनापछि हुन लागेको महाधिवेशनमा भाग लिन उपत्यका छोडेर गाउँ जाने नेता तथा कार्यकर्ताको सङ्ख्या बढेको हो । राजधानीमा विभिन्न पेसा व्यवसाय गरेर बसेका व्यक्ति पार्टीको लामो समयपछि हुन लागेको महाधिवेशनमा भाग लिन गाउँ हिँडेका हुन् ।

विसं २००३ मा स्थापना भएको कांग्रेसले विभिन्न आरोह अवरोह पार गर्दै भदौ १८ देखि १४ औँ महाधिवेशनका लागि वडा अधिवेशन गर्न लागेको छ । विसं २००३ को मजदुर आन्दोलन, २००७ सालको प्रजातन्त्र स्थापना, २०४२ सालको सत्याग्रह, २०४६ सालको प्रजातन्त्र स्थापना, २०६२/०६३ को जनआन्दोलनको नेतृत्व गरेको कांग्रेसको महाधिवेशनलाई देश तथा विदेशमा महत्वका साथ हेरिएको छ ।

संविधान निर्माणमा नेतृत्वदायी भूमिका निर्वाह गरेको कांग्रेसको विसं २०७२ फागुनमा पार्टीको १३ औँ महाधिवेशन सम्पन्न गरेको थियो । उक्त महाधिवेशनबाट शेरबहादुर देउवा पार्टी सभापतिमा निर्वाचित हुनुभएको थियो । नेपाली कांग्रेस गोरखाका महासमिति सदस्य एवं गण्डकी प्रदेशका सांसद प्रकाशचन्द्र दवाडी कांग्रेसको वडा, पालिका हुँदै जिल्ला अधिवेशनमा भाग लिनका लागि एक हप्ता पहिल्यै गोरखा पुगिसक्नुभएको छ ।

“वडादेखि पालिका हुँदै जिल्ला तहसम्म सर्वसम्मत नेतृत्व तथा प्रतिनिधि चयनका गर्नुपर्छ भन्ने मान्यताका साथ म अहिले गाउँगाउँमा हिँडेको छु”, उहाँले भन्नुभयो । नेतृत्व छनोटका विषयलाई जिल्ला र स्थानीयस्तरमै विवाद हुँदा पार्टी कमजोर हुने भएकाले सर्वसम्मत नेतृत्व निर्माणमा लाग्नुपर्ने उहाँको भनाइ छ ।

यस्तै, नेपाली कांग्रेस सङ्खुवासभाका महासमिति सदस्य एवं पूर्वराज्यमन्त्री दीपक खड्का पनि अधिवेशन नजिकिएसँगै गृहजिल्ला पुग्नुभएको छ । साढे पाँच वर्षपछि हुन लागेको महाधिवेशनलाई भव्यताका साथ सम्पन्न गर्दै कांग्रेस सङ्गठनलाई थप मजबुद बनाउनका लागि आफू सङ्खुवासभा आएको उहाँले बताउनुभयो । नेपाली कांग्रेस धादिङका क्रियाशील सदस्य त्रिसमान तामाङ पनि वडा अधिवेशन नजिकिएसँगै धादिङ जानुभएको छ । धादिङको उत्तरी क्षेत्र रुवीभ्यालीका तामाङ आफ्नो गाउँ मोटरबाटोबाट धेरै हिँड्नुपर्ने भएकाले मंगलबार नै गाउँ जानुभएको हो । “बर्सातको समय आवतजावतमा समस्या हुन सक्छ, त्यसैले दुईदिन पहिले नै म गाउँ जान लागेको हो”, उहाँले भन्नुभयो ।

यसरी १४ औँ महाधिवेशनका लागि नेता तथा कार्यकर्ता जिल्ला र गाउँमा जान थालेपछि गाउँगाउँमा राजनीतिक माहोल निर्माण भएको छ । पटकपटक निर्वाचनको मिति तोकिँदै स्थगित हुँदै आएको कांग्रेसले यही भदौ १८ गतेदेखि देशभर वडा अधिवेशन हुँदै विभिन्न तहको अधिवेशन सम्पन्न गर्न लागेको छ । कांग्रेसले यही भदौ २७ मा गाउँ तथा नगर अधिवेशन, आगामी असोज १ गते प्रदेश निर्वाचन क्षेत्रको अधिवेशन, असोज ५ गते सङ्घीय निर्वाचन क्षेत्रको अधिवेशन र असोज १० गते जिल्ला अधिवेशन सम्पन्न गर्ने कार्यतालिका सार्वजनिक गरेको छ । यस्तै, आगामी कात्तिक १० देखि १२ गतेसम्म प्रदेश अधिवेशन र मङ्सिर ९ देखि १३ गतेसम्म केन्द्रीय महाधिवेशन सम्पन्न गर्ने कांग्रेसले जनाएको छ ।

कांग्रेसले १४ औँ महाधिवेशन सम्पन्न गर्नका लागि ५३ जिल्लाको क्रियाशील सदस्यताको सूची वेबसाइटमा सार्वजनिक गरिसकेको छ । कांग्रेस केन्द्रीय निर्वाचन समितिका सदस्य एवं वरिष्ठ अधिवक्ता गोपालकृष्ण घिमिरेले क्रियाशील सदस्यता विवाद टुङ्गो लागेका जिल्लामा वडादेखि जिल्ला अधिवेशन सम्पन्न गर्नका लागि निर्वाचन अधिकृत खटाइसकिएको जानकारी दिनुभयो । बाँकी जिल्लाको अधिवेशनका लागि पनि चाँडो क्रियाशील सदस्यता सार्वजनिक गरेर निर्वाचन अधिकृत खटाउने घिमिरेको भनाइ छ ।

# ‘जातीय छुवाछूत तथा भेदभाव उन्मूलन ऐन’ ल्याउन सुझाव

काठमाडौँ, १६ भदौ (रासस) ।

अपराध नियन्त्रणमा मात्रै सीमित नराखी जातीय भेद्भाव उन्मूलनको मूलभूत दायित्वलाई आत्मसात् गरी तदअनुरुप दण्डसजायको व्यवस्था गरी ‘जातीय छुवाछूत तथा भेद्भाव उत्मूलन ऐन’ ल्याउनुपर्ने सुझाव दिइएको छ ।

जातीय भेद्भाव तथा छुवाछूत (कसुर र सजाय) ऐन, २०६८ विधायनोत्तर अवस्थाको अध्ययन टोलीले प्रतिनिधिसभा अन्तर्गतको कानून, न्याय तथा मानवअधिकार समितिलाई अपराधको रोकथाम, नियन्त्रण, सामाजिक जागरण, गैर फौजदारी अवयव भएको बोधगम्य छाता कानून (जातीय छुवाछूत तथा भेद्भाव उत्मूलन ऐन) को रूपमा विद्यमान ऐनलाई रुपान्तरण गर्न सुझाव दिएको हो ।

अध्ययन प्रतिवेदनको सुझावमा भनिएको छ,“जातीयताको आधारमा हुने गरेका अप्रत्यक्ष एवं सूक्ष्मस्वरुप ( आशय, भावात्मक) का तर मानसिक र भावनात्मक चोट पुऱ्याउने खालका छुवाछूत र भेद्भावका अवयवलाई पनि समावेश गरी कसुरको दायरालाई फराकिलो पार्नुपर्ने ।” अधिवक्ताद्वय राजुप्रसाद चापागाईं र श्याम विश्वकर्मा र अनुसन्धानकर्ता कृपा पोखरेलको टोलीद्वारा समिति समक्ष प्रस्तुत प्रतिवेदनले कसुरलाई आपाराधिक कार्यको गाम्भीर्यताको आधारमा वर्गीकरण गरी गम्भीर प्रकृतिका जातीय भेद्भाव तथा छुवाछूतको अपराधमा अपराधको प्रकृति र गाम्भीर्यताको अनुपातमा नै भइरहेको सजायको हदलाई बढाउनसमेत ठोस् सुझाव दिएको छ ।

छुवाछूत ऐन २०६८ मा कसैले कुनै पनि व्यक्तिलाई प्रथा, परम्परा, धर्म, संस्कृति, रीतिरिवाज, जात, वंश, समुदाय वा पेशाका आधारमा काम गरे वा गराएमा जातीय भेद्भाव वा छुवाछूत गरेको मानिने व्यवस्था गरिएको छ ।

त्यसैगरी कसुर गर्ने व्यक्तिलाई तीन महिनादेखि तीन वर्षसम्म कैद वा एक हजार रुपैयाँदेखि २५ हजारसम्म जरिवाना वा दुवै सजाय हुनसक्ने व्यवस्था गरिएको छ । ऐन लागू भएपछि जाजरकोट, रुपन्देही, रुकुम, कैलाली, मोरङ, कास्की र काभ्रेलगायतका जिल्लामा अन्तरजातीय विवाह वा प्रेम गरेका कारण, पानी छोएको निहुँमा र चुलो छोएको निहुँमा २२ जना दलितले ज्यान गुमाउनु परेको समता फाउण्डेशनले जनाएको छ ।

समितिबाट पीरत सो प्रतिवेदन प्रतिनिधिसभाको आगामी बैठकमा पेश गर्ने र अनुमोदनका लागि अनुरोध गर्ने सभापति कृष्णभक्त पोखरेलले जानकारी दिनुभयो । अनुसन्धान, अभियोजन र न्यायनिरुपणको कानूनी प्रक्रियालाई सकभर पन्छाएर मेलमिलापबाट सुल्झाउन खोज्ने प्रवृतिले गर्दा ऐनको प्रभावकारी कार्यान्वयनमा बाधा उत्पन्न भएको अध्ययनको निष्कर्ष छ ।

अधिवक्ता श्याम विश्वकर्माले तीन महिनाको हदम्याद सामाजिक, आर्थिक एंव सांस्कृतिक परिवेशमा र अपराधको गाम्भीर्यताको आधारमा अनुदार देखिएको बताउँदै त्यसलाई संशोधन गरी कम्तीमा दुई वर्षको हदम्यादको व्यवस्था गर्नुपर्छ भन्नुभयो ।

## एल आई सीको बोन्ड पेपर हराएको सूचना

राजविराजस्थित गजेन्द्र चौकदेखी रुपनी मोडसम्म जाँदै गरेको अवस्थामा २०७८ साल असार २२ गते मेरो निम्न ब्यहोराको बोन्ड पेपर हराएको हुँदा फेला पार्नुहुने महानुभावले नजिकको प्रहरी चौकी वा ९८०५९३८५८१ मा सम्पर्क गर्नुहोला ।

**नाम : मनोज अग्रवाल**
**ठेगाना : राजविराज, सप्तरी**
**पोलिसी नं. : २५१७०७९४५**

पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं ।
होमियोप्याथिक रिसर्च इन्स्टिच्युट
डा. सुशील मोहन दास
(बी.एच.एम.एस)
सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. रंजना गिरी
Dr. Ranjana Giri
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
Infertility Specialist (Consultant IVF)
NMC No. : 10635
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ
बाझपन, कमजोरी, लिकोरिया, महिनाबारी समस्याको सफल उपचार
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

कोरोना भाइरसबाट बच्ने उपायहरु
- कुनै व्यक्ति, वस्तु वा सामान छुनु पहिले र पछि साबुनपानीले राम्रोसँग हात धुने तथा साबुनपानी उपलब्ध नभए स्यानीटाइजरको प्रयोग गर्ने,
- अनावश्यक रुपमा घर बाहिर र भीडभाडमा नजाने,
- खोक्दा र हाच्छ्युँ गर्दा नाक र मुख कुहिनोले छोप्ने,
- कुनै पनि व्यक्तिसँग ६ फिटको दुरी कायम गर्ने,
- ज्वरो, रुघा र खोकी तथा स्वासप्रस्वासमा समस्या आएमा तुरुन्त चिकित्सकसँग परामर्श लिने ।
नेपाल सरकार
विज्ञापन बोर्ड

खोप लगाऊँ सुरक्षित रहौं
खोप लगाएपछि पनि,
* मास्कको नियमित प्रयोग गरौ,
* अत्यावश्यक परेमात्र बाहिर निस्कौ,
* भीडभाडबाट बचौं,
* कसैलाई भेट्नैपर्दा दुई मिटरको दूरी कायम गरौ,
* साबुनपानीले हात धोऔं,
* साबुनपानी उपलब्ध नभए स्यानीटाइजरको प्रयोग गरौ,
* शंका लागे तुरून्त स्वास्थ्य परीक्षण गराऔं ।
नेपाल सरकार
विज्ञापन बोर्ड

# प्रदेश नं २ सरकारमा नेकपा (एकीकृत समाजवादी) पार्टी सहभागी हुने तयारीमा

धनुषा, १६ भदौ (रासस) ।

नेकपा (एकीकृत समाजवादी) पार्टी प्रदेश नं २ सरकारमा सहभागी हुने तयारी गरेको छ ।

नेकपा एमालेका २१ जना प्रदेशसभा सदस्यमध्ये १३ जना नेकपा(एकीकृत समाजवादी) पार्टीका पक्षमा रहेको बताइएको छ ।

नेकपा एमाले संसदीय दलको नेता शत्रुधन महतोले आफूसहित १३ जना प्रदेशसभा सदस्य नेकपा (एकीकृत समाजवादी) पार्टी रोजेको बताउनुभयो । उहाँहरू प्रदेशसभामा उपस्थित भएर सनाखत गर्ने तयारीमा रहेको उहाँले जानकारी दिनुभयो । सनाखत गराउने बेलासम्म यो सङ्ख्यामा केही थपघट हुन सक्ने उहाँको भनाइ छ ।

यसअघि एमाले संसदीय दलको नेताबाट सत्यनारायण मण्डललाई हटाएर शत्रुधन महतोलाई दलका नेता चयन गरेको थियो । यसरी नेकपा (एकीकृत समाजवादी) पार्टी रोज्नेमा प्रदेशसभा सदस्य गोविन्दबहादुर न्यौपाने, प्रमोद यादव, अशोक यादव, मदन जैन श्रीवास्तव, शत्रुधन महतो, मञ्जु यादव, बेचु लुंगेली, दिल्ली उप्रेती, रवीन्द्र बैठा, खुसीमा खातुन, नागेन्द्र यादव, सुन्दर विश्वकर्मा र सीता गुरुङ रहेको उहाँले जानकारी दिनुभयो । सनाखतलगत्तै दलको बैठक बसी दलका नेता चयन र सरकारमा जाने विषयमा औपचारिक निर्णय गर्ने नेता महतोको भनाइ छ ।

यसअघि जसपा नेतृत्वको प्रदेश नं २ सरकारमा नेपाली कांग्रेस र नेकपा माओवादी केन्द्र सहभागी भइसकेको छ । प्रदेश नं २ मा रहेको ११ मन्त्रालयमध्ये जसपाका चार, कांग्रेसका तीन र माओवादीका एक मन्त्री छन् । बाँकी मन्त्रालय मुख्यमन्त्री लालबाबु राउत आफूसँगै राख्नुभएको छ ।




नेपाल सरकार विज्ञापन बोर्ड



नेपाल सरकार विज्ञापन बोर्ड



नेपाल सरकार विज्ञापन बोर्ड


## विश्व समाचार

### कोभिड-१९ का कारण संसद् विघटन हुँदैन : प्रधानमन्त्री सुगा

टोकियो, १६ भदौ (रासस/सिन्ह्वा) ।

जापानका प्रधानमन्त्री यासिहिदे सुगाले अहिले नै जापानको संसद्को तल्लोसभा हाउस अफ रिप्रेजेन्टेटिभ विघटन नहुने बताउनुभएको छ ।

प्रधानमन्त्री सुगाले राजधानी टोकियोमा आयोजित एक कार्यक्रममा आज सो कुराको जानकारी दिनुभएको हो । जापानमा पछिल्लो समयमा कोभिड-१९ को सङ्क्रमण बढ्दै गएको र यसका कारण राजनीतिक दल र नागरिकले पनि सरकारको विरोध गर्ने गरेका छन् ।

यहाँका विभिन्न विपक्षी राजनीतिक दलले यही कारणले संसद्को विघटन पनि हुनसक्ने बताएका थिए । दलको यही आशङ्काका बीचमा प्रधानमन्त्री सुगाले संसद् विघटनको कार्यक्रम नरहेको स्पष्ट गर्नुभएको हो ।

उहाँले अहिले नै संसद् विघटन नहुने र प्रतिनिधिसभाको निर्वाचन पूर्वनिर्धारित समयतालिका बमोजिम नै हुने पनि जानकारी दिनुभएको हो ।

### अफगानिस्तानका लागि सहयोग गर्न पाकिस्तानको आग्रह

इस्लामावाद, १६ भदौ (रासस/सिन्ह्वा) ।

अफगानिस्तानको अहिलेको अवस्थाको मध्यनजर गरेर यहाँका नागरिकका लागि आवश्यक सहयोग गर्न पाकिस्तानले आग्रह गरेको छ ।

पाकिस्तानका विदेश मन्त्री साहमोहमद कुरेसीले सो कुरा बताउनुभएको हो । उहाँले खासगरी अफगान नागरिकले आफ्नो देशमा बसेर न्युनतम आवश्यकता पाउन सक्ने वातावरण बताउनुपर्ने बताउनुभएको हो ।

उहाँले यस अवस्थाका लागि आवश्यक सहयोग गर्नुपर्ने भन्दै यसका लागि विश्व समुदायसमक्ष उहाँले जोड दिनुभएको हो । विदेशमन्त्री कुरेसीले उहाँका जर्मन समकक्षी केइको मासले पाकिस्तानले विगत लामो समयदेखि अफगान शरणार्थीलाई आश्रय दिइरहेको बताउनुभयो ।

हाल पाकिस्तान भ्रमणमा रहनुभएका जर्मन विदेशमन्त्री माससँगै पाकिस्तानको राजधानी इस्लामावादमा आज आयोजना गरिएको संयुक्त पत्रकार सम्मेलनमा उहाँले सो कुरा बताउनुभएको हो ।

उहाँले भन्नुभयो, हामीले दशकौँ पहिलादेखि नै अफगानिस्तानका दशौँ लाख शरणार्थीलाई शरण दिइरहेका छौँ र यसका लागि हामीले कसैबाट आवश्यक मात्रामा आर्थिक सहयोग पनि प्राप्त गर्न सकिरहेका छैनौँ ।

यतिखेर अफगानिस्तानको अवस्था अत्यन्तै नाजुक रहेको र इतिहासमा नै यो देश अहिले नयाँ मोडमा उभिएकोले आगामी दिनमा यहाँका नागरिकको सहयोग तथा अन्य व्यवस्थाका लागि विश्व समुदाय एक हुनुपर्ने पनि उहाँले बताउनुभयो ।

उहाँले अफगानिस्तानमा यस्तो अवस्था आएको छ कि त्यहाँका नागरिक अहिले मानवीय सहायताको पर्खाइमा छन् र उनीहरुलाई आवश्यक मात्रामा सहयोग गर्नुपर्ने कुरामा जोड दिनु भएको छ ।

### 'अमेरिकी सेनाको अफगानस्तानमा काम छैन'

काबुल, १६ भदौं (रासस/एएफपी) ।

अमेरिकी राष्ट्रपति जो बाइडेनले दुई दशकको युद्ध अन्त्य गर्ने आफ्नो निर्णयको बचाउ गर्नु भएपछि तालिबानले बुधबार अफगानिस्तानको कब्जामा लिएका केही सैन्य सरसामाग्री प्रदर्शन गरी परेड गर्ने तयारी गरेका थिए ।

अफगानिस्तानमा २० वर्ष लामो अमेरिकी सेनाको उपस्थिति अन्त्य भएको भोलिपल्ट राष्ट्रका नाममा सम्बोधन गर्नु हुँदै बाइडेनले अझै त्यहाँ बसिरहनुको अर्थ नभएको बताउनु भएको छ । काबुल विमानस्थलबाट झण्डै एक लाख २३ हजार मानिसको उद्धार गरिएकोमा उहाँले सेनाको प्रशंसा गर्नु भएको छ ।

अचानक अमेरिकी फौज फिर्ता गर्ने निर्णयलाई लिएर बाइडेनले देशभित्र र बाहिरका राष्ट्रबाट व्यापक आलोचना खेप्नु परेको छ ।

अमेरिकाले त्यहाँ तैनाथ आफ्ना सेना २० वर्षपछि फिर्ता लगेको छ । सेना फिर्ता होला वा नहोला भन्ने अड्कलबाजीबीच अमेरिकी सेनाले अन्ततःअफगानिस्तान छाडेको हो ।

अमेरिकी सेनाले राष्ट्रपति जो बाइडेनले घोषणा गरेकै समयसीमा २०२१ अगष्ट ३१ भित्रै अफगानिस्तान छाडेका हुन् । पछिल्ला दिनमा काबुल विमानस्थलको भयावह अवस्थालाई सम्भवतः बीचमै छाडेर अफगानिस्तानको स्थानीय समय सोमबार राति ९ बजे अमेरिका बाहिरिएको थियो ।

आर्थिक तथा मानवीय दुवै दृष्टिबाट निकै "महङ्गो" ठानिएको अफगान युद्धका क्रममा अमेरिका र अन्य मुलुकका गरी झण्डै तीन हजार ५०० सैनिकको मृत्यु भएको थियो । अफगानिस्तानमा सक्रिय तालिबान, इस्लामिक स्टेट समूह, हक्कानी नेटवर्कसमेतका समूहको आक्रमणमा परेर ६६ हजारभन्दा बढी अफगानी सेनाको ज्यान गएको थियो भने ७० हजारभन्दा बढी सर्वसाधारण मारिएका थिए ।

अमेरिकी सेना सन् २००१ सेप्टेम्बर ११ मा अमेरिकी वर्ल्ड ट्रेड सेन्टर (ट्वीन टावर)मा विमानद्वारा आतङ्कवादी आक्रमण भएपछि अफगानिस्तान आइपुगेको थियो । त्यस आक्रमणमा झण्डै तीन हजार सर्वसाधारणको ज्यान गएको थियो । अल-कायदाका नेता ओसामा बिन लादेनले अफगानिस्तानमा तालिबान सरकारको संरक्षणमा ट्रेड टावर आक्रमणको योजना बनाएको अमेरिकी आरोप थियो ।

इस्लामिक विद्रोही समूह तालिबानले अमेरिकी सेनाको बहिर्गमनलाई जितका रूपमा लिदै खुशियाली मनाएका छन् । रगतको विद्रोहपछि अफगानिस्तानको नियन्त्रण एक ठूलो जीत भएको उनीहरुको भनाइ छ ।

# करेन्ट लागेर बालकको मृत्यु

**दैनिक समाचारदाता**
**राजबिराज, १६ भदौं ।**

सप्तरीको डाक्नेश्वरी नगरपालिकामा एक ९ वर्षिय बालकको करेन्ट लागेर मंगलबार राति मृत्यु भएको छ ।

सो नगरपालिका वडा नं. १० रञ्जितपुरका पवन यादवको ९ वर्षिय छोरा अर्जुनकुमार यादवको करेन्ट लागेर मृत्यु भएको प्रहरीले जनाएको छ ।

गोठमा खेल्ने क्रममा भुइँमा लत्रिएको बिजुलीको नाङ्गो तारबाट करेन्ट लागी घाइते भएका बालकलाई उपचारका लागि कल्याणपुरतर्फ ल्याउँदै गर्दा बाटोमा नै मृत्यु भएको प्रहरीले जनाएको छ ।

मृत्युपछि शव फर्काएर घरमा ल्याई राखिएको प्राप्त सूचनाका आधारमा गएको प्रहरी टोलीले शव परीक्षणका लागि बुधबार राजविराजस्थित गजेन्द्रनारायण सिंह अस्पतालमा ल्याएको जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रहरी नायब उपरीक्षक माधवप्रसाद काफ्लेले जानकारी दिएका छन् ।

# नहरमा डुवेर युवकको मृत्यु

**दैनिक समाचारदाता**
**राजबिराज, १६ भदौं ।**

सप्तरीको हनुमाननगर कंकालिनी नगरपालिका २ सकरदहीस्थित पश्चिमी नहरमा डुवेर एक युवकको बुधबार मृत्यु भएको छ ।

नहरमा शौच गर्न गएका हनुमानगर कंकालनी नगरपालिका वडा नं. १ भारदह लवटोलियाका २१ बर्षीय लक्ष्मण ईसरको नहरमा डुवेर ज्यान गएको प्रहरीले जनाएको छ ।

शौच गर्न गएको बेला नहरको डिलबाट लडेर उनको डुवेर मुत्यु भएको हुन सक्ने प्रहरीले अनुमान गरेको छ ।

मलेशियामा सात बर्षको बसाइपछि १५ दिन अघि मात्र घर आएका लक्ष्मण साथीहरुसंग भेटघाट पछि नहरमा शौच गर्न गएका थिए ।

यता शव परिक्षणका लागि राजविराजस्थित गजेन्द्र नारायण सिह अस्पतालमा ल्याइएको छ भने घटना बारे थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

# कुटपिटबाट महिलाको मृत्यु

लहान, १६ भदौ (रासस) ।

सिरहाको कल्याणपुर नगरपालिका- ९ डुमरीमा बुधबार बिहान दुई परिवारबीच विवाद हुँदा एक महिलाको मृत्यु भएको छ । सामान्य विषयलाई लिएर दुई परिवारबीच विवादसँगै कुटपिट हुँदा स्थानीयवासी ६५ वर्षीया भालसैरदेवी यादवको मृत्यु भएको प्रहरीले जनाएको छ ।

विवाद बढ्दै गएपछि भएको कुटपिटमा भारसैरदेवीको घटनास्थलमै मृत्यु भएको जिल्ला प्रहरी कार्यालय सिरहाका प्रवक्ता प्रहरी नायब उपरीक्षक सुभाष बुढाथोकीले जानकारी दिनुभयो । भारसैरदेवीको मृत्यु भएलगत्तै कुटपिटमा संलग्न भएको आरोप लागेका जयकुमार र श्रीदेव फरार भएको उपरीक्षक बुढाथोकीले बताउनुभयो । भारसैरदेवीको शव परीक्षणका लागि लहानस्थित रामकुमार उमाप्रसाद स्मारक अस्पताल ल्याइएको छ ।

# संक्रमितभन्दा संक्रमणमुक्त हुने बढे

काठमाडौँ, १६ भदौ (रासस) ।

कोरोना भाइरस सङ्क्रमितभन्दा बुधबार सङ्क्रमणमुक्त हुनेको सङ्ख्या बढेको छ । पछिल्लो २४ घण्टामा सङ्क्रमितभन्दा सङ्क्रमणमुक्त हुनेको सङ्ख्या करिब एक हजारले बढेको छ । स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले सार्वजनिक गरेको तथ्याङ्कअनुसार दुई हजार ५२ जना सङ्क्रमित भएका छन भने तीन हजार ३० जना सङ्क्रमणमुक्त भएका छन् । चौध हजार ९३५ जनामा परीक्षण गर्दा दुई हजार ५२ जनामा सङ्क्रमण देखिएको हो । हाल सक्रिय सङ्क्रमित ३४ हजार १८९ जना रहेका छन् ।

अहिलेसम्म सात लाख १९ हजार ३३६ जना सङ्क्रमणमुक्त भई घर फर्किएका छन् । यस्तै सङ्क्रमणमुक्त हुनेको दर पनि बढेको छ । बुधबार नेपालमा सङ्क्रमणमुक्त हुने दर ९४.१ प्रतिशत पुगेको छ । यसभन्दाअघि ९३.९ प्रतिशत सङ्क्रमणमुक्त भएका थिए । यस्तै सङ्क्रमणबाट विगत २४ घण्टामा २० जनाको ज्यान गएको छ । अहिलेसम्म १० हजार ७७० जनाको सङ्क्रमणबाट ज्यान गएको छ । नेपालमा प्रति १० लाखमा ३६३ जनाको सङ्क्रमणका कारणले निधन हुने गरेको छ ।

हाल ५६३ जना सघन उपचार कक्ष, १७० जना भेन्टिलेटर, ३१ हजार ८१२ जना होमआइसोलेसन, दुई हजार ३७७ जना संस्थागत आइसोलेसन र ३११ जना क्वारेन्टिनमा रहेका छन् । नेपालमा सङ्क्रमणको दर १९.५ प्रतिशत रहेको छ ।

# ब्राउन सुगरसहित एक पक्राउ

**दैनिक समाचारदाता**
**राजबिराज, १६ भदौं ।**

सप्तरीको हनुमाननगर कंकालिनी नगरपालिका वडा नं ८ बाट प्रहरीले ब्राउन सुगरसहित एक जनालाई पक्राउ गरेको छ ।

स्थानिय धिरेन यादव भन्ने धिरेन्द्र कुमार यादवको घर कोठामा खानतलासी गर्दा लुकाई छिपाई राखेको कालो रंङको ब्राउन सुगर २५.०५ ग्राम, खैरो रंगको ब्राउन सुगर ४६.६४ ग्राम र सेतो रंङको ब्राउन सुगर ५०.६६ ग्राम गरी कुल १२२.३६ ग्राम लागुऔषध ब्राउन सुगर बरामद गरिएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

घटना विवरण अनुसार जिल्ला प्रहरी कार्यालय सुनसरी ईनरुवाको चलानी नं ७५२ को २०७८/५/१४ गतेको पत्रनुसार सप्तरीकै हनुमाननगर कंकालिनी वडा नं १ बस्ने शम्भु कविर समेत भएको लागु औषध ब्राउन सुगर मुद्दाको अनुसन्धान तथा कारवाहीको क्रममा यादव पक्राउ परेको प्रहरीले जनाएको छ ।


## हाम्रो जिम्मेवारी : कोरोना भाइरस संक्रमण रोक्नकालागि अपनाउनु होसियारी

- कोराना भाइरस रोग स्वाँस प्रश्वाँस माध्यमबाट फैलिने संक्रमण हो।
- संक्रमित भएको ब्यक्तिले खोक्दा वा हाच्छ्यु गर्दा निस्किने थुक, खकार रसिङ्गानबाट यो भाइरस एक ब्यक्तिबाट अर्को ब्यक्तिमा सर्न जान्छन्।

यो रोगबाट जोगिन यस्तो गर्नुपर्छ

- खोकी वा हाच्छ्यु गर्दा मुख छोप्नुपर्छ। मुख छोपेको टिसूपेपरलाई फोहोर राख्ने भाडामा फाल्नुपर्छ।
- समय-समयमा साबुन पाइनले राम्रोसँग २० सेकेण्डसम्म मिचमिची हात धुनुपर्छ वा सेनिटाईजर हातमा लगाउनुपर्छ। कुनै ब्यक्तिसँग भेट्नुपरेमा हात मिलाउनु हुँदैन, बरू हात जोडेर नमस्कार गरौं।
- खोकी लागेको ब्यक्तिबाट दुरी बनाउनुपर्छ। यदी तपाईलाई खोकी लागेको छ भने तपाई आफु पनि अरू मान्छेबाट दुरी बनाएर बस्नुपर्छ।
- भिडभाडमा जानु हुँदैन र अरूलाई पनि भिडमाडमा जान नहुने भनि बुझाउनुस।
- आवश्यकता भएको ठाउँमा मास्कको उचित प्रयोग गर्नुहोस्।

महत्वपूर्ण सवाल :

- ज्वरो र खोकी लागेको र स्वाँस लिंदासमेत असहज महसुस भएमा चाँडै नजिकैको स्वास्थ्य संस्थामा सम्पर्क गर्नुपर्छ।
- कोरोना भाइरस रोगको बारेमा अरू जानकारी प्राप्त गर्न नि:शुल्क टेलिफोन नम्बर १११५ मा फोन गर्न सकिन्छ।
- कोरोना भाइरसबाट डराउनु हुँदैन, बरू सतर्कचाहिं हुनुपर्छ।

शम्भुनाथ नगरपालिकाको कार्यालय, सप्तरी





खडक नगरपालिकाको कार्यालय, सप्तरी


देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् ।

हाम्रो सेवाहरु →

नेपाल सहकारी संस्था लि.
राजविराज ४, फोन नं. ०३१-५२१०९६

ipay remit
CITY EXPRESS MONEY TRANSFER
Best Remit Quick & Easy
PRABHU Money Transfer प्रभुको इच्छा
रकम पठाउन तथा पाउनका लागि भरपर्दो माध्यम
IME International Money Express
himal remit हिमालरेमिट
CG Money


**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*